# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८२।०४।०९

## प्रेस विज्ञप्ति

### श्रम समस्या हल नगर्ने सञ्चारगृहविरुद्ध आन्दोलित हुन आह्वान

नेपाल पत्रकार महासंघले आइएलओ अभिसन्धी, संविधानप्रदत्त श्रमलगायतका मौलिक हकहरू, प्रचलित श्रम ऐन, श्रमजीवी पत्रकार ऐनलगायतका श्रमसम्बन्धी सबैखाले नीतिको सम्मान गर्दै यसको पूर्ण कार्यान्वयन तथा परिपालनामा जोडदार आवाज उठाउदै आएको छ ।

'प्रेस स्वतन्त्रताको रक्षा गर्दै स्वच्छ, व्यावसायिक र जिम्मेवार पत्रकारिताको विकासका लागि कार्यरत नेपाली पत्रकारलाई संगठित गरी उनीहरूको पेशागत हकहित र श्रम अधिकारको संरक्षण र संवर्द्धन' भनी प्रस्तावनामा लिखित महासंघको विधानमा उल्लेखित 'श्रमजीवी पत्रकारहरूको उचित श्रम अभ्यास, सामूहिक सौदावाजी र पेशा तथा रोजगारीको अधिकारको संरक्षणका लागि महासंघलाई ट्रेड युनियन संस्थाका रुपमा स्थापित गरी ट्रेड युनियन अधिकारको नेतृत्व प्रदान गर्ने' प्रावधानबमोजिम गतिविधि सञ्चालन हुँदै आएको छ ।

महासंघको २०८१ पुस ९, माघ २८ र २९ गते बसेको केन्द्रीय समितिको दुबै बैठकले श्रमजीवी पत्रकारको श्रम शोषणका विरुद्ध कठोरतापूर्व उभिने र सञ्चारमाध्यमहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन अभियान सञ्चालन गर्ने सम्बन्धमा निर्णय लिएको छ ।

महासंघको २०८२ असार ५ र ६ गते भएको पोखरा बैठकले असार मसान्तभित्र सञ्चारगृहहरूले पत्रकारलाई पारिश्रमिकलगायतका बक्यौतासहितका सेवा-सुविधा भुक्तान नगरे आन्दोलित हुने निर्णय लिएको जानकारी घोषणापत्रमार्फत सार्वजनिक भइसकेको छ ।

महासंघले विनम्रतापूर्वक गरेको आह्वानलाई सञ्चारगृहहरूले पालना गर्नुको साटो आर्थिक संकटको बाहानामा श्रमजीवी पत्रकारलाई नियमित पारिश्रमिक नदिने, सेवा-सुविधा माग गर्दा श्रमजीवी पत्रकारहरूलाई अपमानजनक व्यवहार, गैरकानुनी सरुवा, नियतवस घटुवा, निलम्बन र निष्काशनसमेत गर्नेलगायतका श्रमविरोधी गतिविधि अझै नरोकिएको गुनासो महासंघमा आइरहेको सन्दर्भमा पुन: सञ्चारगृहहरूलाई त्यस्ता गतिविधि तत्काल बन्द गरी श्रमको सम्मान गर्न आह्वान गरिन्छ ।

अन्यथा महासंघ आन्दोलनमा उत्रन बाध्य हुनेतर्फ सचेत हुन सञ्चारगृहहरूलाई आग्रह गरिन्छ । महासंघले श्रम शोषण गर्ने सञ्चारगृहविरुद्ध साउन महिनादेखि आन्दोलन थाल्ने निर्णय गरिसकेकाले वार्ता र छलफलबाट श्रम समस्या हल नगर्ने सञ्चारगृहविरुद्ध आन्दोलनका कार्यक्रम अगाडि बढाउन महासंघ यसअन्तर्गतका प्रदेश र प्रतिष्ठानलगायतका सम्पूर्ण शाखा समितिहरुलाई निर्देश गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org